लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कन्याण, सुर्खेत

मिति २०८१/०५/१४ गतेको ४०औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २ | निर्देशिका स्वीकृत सम्बन्धमा । | लेकवेशी नगरपालिकाको हेलोधारा परियोजना कार्यान्वयन निर्देशिका, २०८१ स्वीकृत गर्ने | प्र.प्र.अ. | |
| ३ | अस्थायी क्रसर उद्योग सम्बन्धमा । | ग्रामिण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई सुर्खेतबाट संचालित दशरथपुर-डाडाँगाउ-नेटा-जितेजुवा-धरमपोखरा सडक निर्माणका लागि लेकवेशी नगरपालिका अन्तरगतको वडा नं. ३ र ४ को जम्मुघारीमा अस्थायी क्रसर प्लान्ट स्थापनाका गर्नका लागि अनुमति पाउ भनि उक्त सडक निर्माणका लागि जिम्मा पाएको आशिष-आशिर्वाद जे.भी.ले निवेदन दिएको हुँदा अस्थायी अनुमति दिन सहमतिको लागि जिल्ला अनुगमन समितिमा अनुरोध गर्ने । | प्र.प्र.अ. | |
| ४ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको सम्पत्ति कर तथा भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि, २०८१ र विद्यालय दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने । | सम्बन्धित शाखा | |
| ५ | प्रगति समिक्षा सम्बन्धमा । | आ.व. २०८०/०८१ को प्रगति समिक्षाको लागि मिति तय गर्ने । | प्र.प्र.अ. | |
| ६ | IEE गर्ने सम्बन्धमा । | लेकवेशी नगरपालिकाको क्षेत्र भित्रका भेरी नदी र चिङ्गाड खोला, गमखोला र रातेखोलाहरुमा रहेको नदीजन्य पदार्थ उत्खनन, संकलन गरी बिक्री वितरणको ठेक्का बन्दोवस्त गर्नका लागि IEE प्रकृया अगाडि बढाउने । | पूर्वाधार विकास शाखा | |

**मिति २०८१/०५/१५ गतेको ४०औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु**

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरु माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

लेकवेशी नगरपालिकाको हेलोधारा परियोजना कार्यान्वयन निर्देशिका, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

ग्रामिण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई सुर्खेत बाट संचालित दशरथपुर-डाढीगाउ-नेटा-जितेजुवा-धरमपोखरा सडक निर्माणका लागि लेकवेशी नगरपालिका अन्तरगतको वडा नं. ३ र ४ को जम्मुघारीमा अस्थायी कसर प्लान्ट स्थापनाका गर्नका लागि अनुमति पाउ भनि उक्त सडक निर्माणका लागि जिम्मा पाएको आशिष-आशिर्वाद जे.भी.ले निवेदन दिएको हुँदा अस्थायी अनुमति दिन सहमतिको लागि जिल्ला अनुगमन समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नगरपालिकाको सम्वन्धित शाखाहरुबाट तयार गरी पेश गरिएका निम्न कार्यविधिहरुको मस्यौदाहरुमाथि छलफल भई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. लेकवेशी नगरपालिकाको सम्पत्ति कर तथा भूमिकर (मालपोत) व्यवस्थापन कार्यविधि, २०८१

२. विद्यालय दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं. ५

लेकवेशी नगरपालिका कल्याण सुर्खेतको आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा मिति २०८१/०६/६ र ७ गते गर्ने गरी सबै शाखा प्रमुखहरुलाई निर्देशन दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

आज मिति २०८१/०६/२३ गतेका दिन लेकबेसी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ४१

बैठक प्रारम्भ: बिहानको ११:०० बजे

समापन: दिनको १:०० बजे

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री बिमला खड्लुक | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री बखत बहादुर खड्का | |
| ४ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ५ | वडा अध्यक्ष | श्री चन्द्रबहादुर बुढा | |
| ६ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ८ | वडा अध्यक्ष | श्री चक्रबहादुर शाही | |
| ९ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| १० | वडा अध्यक्ष | श्री रुद्रबहादुर नेपाली | |
| ११ | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| १२ | वडा अध्यक्ष | श्री मान बहादुर सोमै | |
| १३ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १४ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १५ | कार्यपालिका सदस्य | श्री साबित्रा नेपाली | |
| १६ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १७ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १८ | कार्यपालिका सदस्य | श्री तारादेवी बराल | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री लीलमति वि.क. | |
| २१ | कार्यपालिका सदस्य | श्री याम बहादुर बमाई | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| २२ | अधिकृत छैठौं | श्री नारायणदत्त तिवारी | |
| २३ | शिक्षा अधिकृत | श्री पहलमान अधिकारी | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णय प्रमाणित

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति २०८१/०६/२३ गतेको ४१औं नगर कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरू:

तपसिल:

| सि. नं. | विषय | निर्णय हुनुपर्ने ब्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २ | बडा दशैको शुभकामना आदान-प्रदान सम्बन्धमा। | हिन्दुहरूको महान् चाड बडादशैं २०८१ को शुभ अवसरमा लेकवेशी नगरपालिकाका सबै जनप्रतिनिधी तथा कर्मचारीहरू लगायत देश विदेशमा बस्नुहुने सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै शुभकामना आदान प्रदान गर्ने। | प्र.प्र.अ. | |
| ३ | प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धमा । | यस नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा योजना कार्यान्वयनको प्रकृयालाई अगाडि बढाउनु पर्ने भएकोले लेकवेशी नगरपालिका क्षेत्र भित्रको नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्य छिटो सम्पन्न गरी आन्तरिक आयको ठेक्का ब्यवस्था गर्ने । | प्र.प्र.अ. | |
| ४ | जनता आवास तथा विपन्न आवास कार्यक्रम सम्बन्धमा । | जनता आवास तथा विपन्न आवास कार्यक्रमका लागि लाभग्राही छनौट गरी पठाउनु पर्ने। | प्र.प्र.अ. | |
| ५ | शिक्षक पदस्थापन सम्बन्धमा । | गणेश प्रा.वि. ठूलो खल्टाकुरामा दरबन्दी रहि हाल कालिका प्रा.वि लामिदमारमा काजमा रहनुभएका स्थायी शिक्षक श्री मणिराम कोईरालाको काज रहेकै विद्यालयमा पदस्थापना गर्ने । | शिक्षा शाखा | |
| ६ | सिचाई कुलो मर्मत सम्बन्धमा । | विगत अविरल बर्षाद्का कारण यस नगरपालिका अन्तरगत संचालित बिभिन्न सिंचाई कुलाहरु क्षति भएकोले मर्मत संभारका लागि पालिकामा स्रोत अभाव भएको हुँदा विपद् प्रतिकार्य ब्यवस्थापनमा सहयोगका लागि खानेपानी,सिचाई तथा उर्जा विकास निर्देशनालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतलाई अनुरोध गर्ने । | योजना शाखा | |
| ७ | सुझाव कार्यान्वयन सम्बन्धमा । | अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने । | प्रशासन शाखा | |

निर्णय प्रमाणित

०८१।८।२४

| | | | | |
|---|---|---|---|---|
| ८ | अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन सम्बन्धमा । | चालु आ.व. ०८१/०८२ को २०८१ श्रावण देखि हाल सम्म सम्पन्न भएका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन माथि छलफल गर्ने । | योजना तथा अनुगमन उपशाखा | |
| ९ | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा । | सम्बन्धित शाखाबाट तर्जुमा भई पेश भएका कार्यविधी स्वीकृत गर्ने । | स्वास्थ्य शाखा | |

**मिति २०८१/०६/११ गतेको ५१औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु**

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरु माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकबेसी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

हिन्दुहरुको महान् चाड बडादशैं २०८१ को शुभ अवसरमा लेकबेसी नगरपालिकाका सबै जनप्रतिनिधी तथा कर्मचारीहरू लगायत देश विदेशमा बस्नुहुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा योजना कार्यान्वयनको प्रकृयालाई अगाडि बढाउनु पर्ने भएकोले लेकबेसी नगरपालिका क्षेत्र भित्रको नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्य छिटो सम्पन्न गरी आन्तरिक आयको ठेक्का व्यवस्था गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कर्णाली प्रदेश सरकारबाट संचालित जनता आवास तथा विपन्न आवास कार्यक्रमका लागि सबै वडाहरुबाट लाभग्राही छनौट गरी मिति २०८१/०७/ ०७ गते भित्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेकबेशी नगरपालिका वडा नं. ५ नेटा स्थित श्री गणेश प्रा.वि. ठूलो खल्टाकुरामा दरबन्दी रहि हाल लेकबेशी नगरपालिका वडा नं. १० स्थित श्री कालिका प्रा.वि लामिदमारमा काजमा रहनुभएका स्थायी शिक्षक श्री मणिराम कोईरालाको काज रहेकै विधालयमा शिक्षक उमाकान्त सापकोटा अनिवार्य अवकाश भई रिक्त रहेको प्राथमिक तहको दरबन्दीमा  पदस्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
विगत अविरल वर्षाका कारण यस नगरपालिका अन्तर्गत संचालित निम्न सिंचाई कुलोहरु क्षति भएकोले मर्मत सम्भारका लागि पालिकामा स्रोत अभाव भएकोले हुँदा विपद् प्रतिकार्य व्यवस्थापनमा सहयोगका लागि खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. गमखोला माथिबेरे सिंचाई आयोजना, लेकबेशी -३
२. मझेरी गमखोला सिंचाई कुलो, लेकबेशी-४
३. धुनिखोला सिंचाई कुलो, लेकबेशी-५
४. सिमले-गमखोला-ब्याबरे सिंचाई कुलो, लेकबेशी-४
५. सिन्केपानी तल्लो सिंचाई कुलो, लेकबेशी-९
६. गजेपानी-ब्याउरे-खामिदमार सिंचाई कुलो, लेकबेशी-९

निर्णय नं. ७
अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ १(ख) बमोजिम मिति २०८१/०५/२५ को परिपत्र कार्यान्वयन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०६/१४ को पत्रमा उल्लेखित सुझाव कार्यान्वयका विषयमा आजको बैठकमा छलफल भई उक्त सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८
चालु आ.व. ०८१/०८२ को २०८१ साल श्रावण देखि हाल सम्मको नगरपालिका तथा वडा अन्तर्गतका चालु तथा सम्पन्न भएका विभिन्न आयोजनाहरूको अनुगमन तथा सुपरीवेक्षण समितिले गरेको अनुगमन तथा सुपरीवेक्षणको प्रतिवेदन संयोजक तथा नगर उप-प्रमुख श्री विमला खड्लुकज्यूबाट पेश भई छलफल गरियो ।

निर्णय नं. ९
यस नगरपालिकाको स्वास्थ्य शाखाबाट तर्जुमा भई स्वीकृतका लागि पेश भएका निम्न कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

- सामुदायिक स्वास्थ्य सेवा इकाई संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१